# APG Third Round Mutual Evaluation तयारी सम्बन्धी अन्तरक्रिया कार्यक्रम

वित्तीय जानकारी इकाईले २०७९ बैशाख २ गते होटल याक एण्ड यति, काठमाडौंमा APG Third Round Mutual Evaluation तयारी सम्बन्धित अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका सम्बन्धित नियमनकारी विभाग, सुपरिवेक्षकीय विभाग तथा महाशाखाको सहभागिता थियो ।

गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्य, डेपुटि गभर्नर डा.निलम तिम्सिना र डेपुटि गभर्नर श्री बम बहादुर मिश्रको विशिष्ट आतिथ्यमा इकाईले उक्त कार्यक्रम आयोजना गरेको हो ।






सो अवसरमा गर्भनर अधिकारीले पारस्परिक मूल्याङ्कनको प्रकृयामा प्रकाश पार्दै ऐनको प्रभावकारी कार्यान्वयनका लागि नियमनकारी निकायका रुपमा नेपाल राष्ट्र बैंकले कार्य गर्दै आएको जानकारी दिनुभयो । साथै यस्तो पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित FATF Recommendations, Immediate Outcomes को परिपालना तथा विद्यमान कानुनी व्यवस्था, नीति, निर्देशन लगायतका काम-कारवाहीहरुलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सो सम्बन्धित पूर्व तयारीका कार्यहरु अघि बढाउनमा जोड दिनुभयो ।

वरिष्ठ डे.ग. डा.नीलम ढङ्गाना तिम्सिनाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्र रणनीति तथा कार्ययोजना २०७६-२०८१ को प्रभावकारी कार्यान्वयनको निम्ती अन्तरविभागीयका साथै वित्तीय जानकारी इकाईसँगको समन्वय र सहकार्यलाई अझ बढी सवल गर्दै पारस्परिक मूल्याङ्कन सम्बन्धित तयारीका कार्यहरु गम्भिरतापूर्वक अगाडि बढाउनमा जोड दिनुभयो । त्यसैगरी डे.ग. बम बहादुर मिश्रले नेपाल राष्ट्र बैंकको AML/CFT प्रणालीलाई सुदृढिकरण गर्दै जोखिममा आधारित नियमन, सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई प्राथमिकतामा राखी अगाडि बढाउन जोड दिनु भयो ।

सो अवसरमा इकाईका प्रमुख निर्देशक दीर्घ बहादुर रावलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै एशिया प्यासिफिक समूहको सचिवालयले पारस्पारिक मूल्याङ्कनका लागि विस्तृत कार्यतालिका तयार गरी मूल्याङ्कन टोलीको नामावली पनि पठाईसकिएको जानकारी दिनुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा वरिष्ठ डे.ग.ले Session Chair गर्नुभएको थियो । उक्त Session मा पारस्परिक मूल्याङ्कनको तयारी : FIU Perspective मा वित्तीय जानकारी इकाईका उप- निर्देशक स्वरुप श्रेष्ठले प्रस्तुती गर्नुभयो तथा सोही प्रस्तुती अन्तर्गत राष्ट्रिय रणनीति तथा कार्ययोजनामा वित्तीय जानकारी इकाईको कार्यसम्पादन स्थितीमा उप-निर्देशक अस्मिता गोर्खालीले पहिलो प्रस्तुती गर्नुभयो । पारस्परिक मूल्याङ्कनको तयारी : Supervision Perspective मा बैंक सुपरिवेक्षण विभागका स.नि. अभियान उपाध्यायले दोस्रो प्रस्तुती गर्नुभयो । त्यसैगरी, समग्र पारस्परिक मूल्याङ्कनमा नेपाल राष्ट्र बैंकको भूमिकामा बैंकका उप-निर्देशक डा. हरि कुमार नेपालले अन्तिम प्रस्तुती गर्नुभयो ।

प्रस्तुतीहरु पश्चात छलफल तथा अन्तरक्रियामा बैंकिङ्ग विभाग, मौद्रिक व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग तथा बैंक तथा वित्तीय संस्था नियमन विभागबाट कार्यकारी निर्देशक तथा निर्देशकहरुबाट सूचना आदानप्रदान तथा जिज्ञासाहरु उठान भएका थिए । उक्त कार्यक्रमको सञ्चालन उप-निर्देशक अस्मिता गोर्खालीले गर्नुभएको थियो ।